नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट क्षेत्र थप गरी जारी गरिएको निषेध आदेश !

विश्वभर महामारीको रुपमा फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण बढ्दै गएको सन्दर्भमा म्याग्दी जिल्लामा संक्रमण फैलावट रोक्न मिति २०७८।०१।०८ र १४ गते यस कार्यालयबाट जारी गरिएको आदेशका अतिरिक्त मिति २०७८/०१/२२ गते रातको १२:०० बजे देखि मिति २०७८/०१/३१ गते रातको १२:०० बजे सम्म बेनी नगरपालिका, मिति २०७८/०१/२६ गते रातको १२:०० बजे देखि मंगला गाउँपालिका र मिति २०७८/०१/२७ गते रातको १२:०० बजे देखि मिति २०७८/०१/३१ गते रातको १२:०० बजे सम्म अन्नपूर्ण गाउँपालिका क्षेत्रभर जारी भएको निषेधाज्ञाको सन्दर्भमा, रघुगंगा गाउँपालिका, मालिका गाउँपालिका र धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट भएको सिफारिस बमोजिम एवं जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) र जिल्ला सुरक्षा समितिको निर्णय समेतका आधारमा म्याग्दी जिल्लाका सम्पूर्ण स्थानीय तह क्षेत्रभर संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२८ गते रातको १२:०० बजेदेखि मिति २०७८।०१।३१ गते रातको १२:०० बजेसम्म लागू हुने गरी देहायको आदेश जारी गरिएको छ।

**देहाय**

**क) निषेधाज्ञा लागू हुने क्षेत्रः**

म्याग्दी जिल्लाका सम्पूर्ण स्थानीय तह क्षेत्रभर

**ख) कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गरिएको निषेध आदेशः**

१. औषधी उपचार, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने, तोकिएको समयमा खाद्य वस्तु खरिद गर्ने जस्ता अत्यावश्यक काममा बाहेक कुनैपनि व्यक्ति घर बाहिर ननिस्कने र हिंड्डुल नगर्ने।

२. एम्बुलेन्स, बिरामी बोकेका सवारी साधन, दमकल, शववाहन, खाद्यसामाग्री तथा पशुपंक्षीका दाना, तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, माछा, मासु, बीउबिजन, ग्याँस, पानी तथा पेट्रोलियम पदार्थ, सञ्चार सेवा, निर्माण सामग्री बोकेका सवारी साधनहरु, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले ड्यूटी जाने आउने प्रयोजनमा प्रयोग गर्ने सवारी साधनहरु, औषधी तथा स्वास्थ्य सेवाका सामग्री बोकेका सवारी साधनहरु, अत्यावश्यक सरकारी कामकाजका लागि प्रयोग हुने सरकारी सवारी साधनहरु, प्रेस पास तथा परिचयपत्र वाहक सञ्चारकर्मीले प्रयोग गरेका सवारी साधनहरु बाहेकका कुनै पनि प्रकारका सार्वजनिक, निजी सवारी साधन (मोटरसाइकल समेत) तथा मालबाहक सवारी साधन सञ्चालन नगर्ने।

३. अस्पताल, औपधालय, औषधी एवम् स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने।

गणेश बहादुर अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२३३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

४. तरकारी, फलफूल, दुध, डेरीजन्य उत्पादन, ग्याँस, पानी, पशुपन्छीका दाना लगायतका अत्यावश्यक सेवाका पसलहरु स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पूर्ण पालना गरी बिहान ७:०० बजे देखि १०:०० बजेसम्म मात्र सञ्चालन गर्ने।

५. मठमन्दिर, चर्च, मस्जिद लगायतका स्थानमा धार्मिक, सांस्कृतिक, सामाजिक क्रियाकलापहरू, पूजाआजा लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका गतिविधि संचालन नगर्ने।

६. विवाह, ब्रतबन्ध एवं संस्कारजन्य अन्य कार्यक्रममा जनस्वास्थ्यका मापदण्ड पूर्णरूपमा पालना गर्ने गरी एक पक्षबाट ७ जना भन्दा बढी सहभागी नहुने, यसका लागि सवारी साधन प्रयोग गर्नुपर्दा सवारी साधनको अगाडि ब्यानर राख्नु पर्ने।

७. सार्वजनिक विकास निर्माणका कार्यहरूमा संलग्न मजदुरहरूको हकमा सम्बन्धित आयोजना प्रमुखको सिफारिसको आधारमा निर्माण व्यवसायीहरूले निश्चित गरेको ठाउँमा बस्ने गरी निर्बाध रुपमा सञ्चालन हुने।

८. बैक तथा वित्तिय संस्थाहरुले सेवा प्रदान गर्दा न्यूनतम कर्मचारी उपस्थित भई सञ्चालन गर्ने। सहकारी तथा बिमा संस्थाहरु सञ्चालन नगर्ने।

९. निषेध आदेश जारी भएको मिति र स्थानका सरकारी र सार्वजनिक कार्यालयहरु एवं बैंकहरुमा अनावश्यक भिडभाड हुन नदिने, अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालय बाहेक अन्य कार्यालय तथा संस्था प्रमुखले आलोपालो पद्धति अनुसार न्यूनतम कर्मचारी खटाई कार्यालय सञ्चालन गर्ने।

१०. यस जिल्लामा पर्ने उत्तर दक्षिण राष्ट्रिय राजमार्गको बाटो तथा जिल्लास्तरीय सडकमार्ग हुदैं एक जिल्लाबाट अर्को जिल्लामा आउने जाने सडकमा अत्यावश्यक सवारी साधनलाई यात्रु नझार्ने नचढाउने शर्तमा चल्न दिने।

११. अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्दा आवश्यक कागजपत्र (अस्पतालका कागज वा अत्यावश्यक कार्य प्रमाणित हुने कागजपत्र) लिई प्रहरीसँग समन्वय गरी अनुमति प्राप्त भए पश्चात मात्र यात्रा गर्ने।

**उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८; संक्रामक रोग ऐन, २०२० एवं अन्य प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ।**

२०७८।०१।१८

गणेश बहादुर अधिकारी

प्रमुख जिल्ला अधिकारी